# काठमाडौं महानगरपालिका

नं महानगरपालिका

# स्थानीय राजपत्र

काठमाडौं महानगरपालिकाद्वारा प्रकाशित

वर्ष २) काठमाडौं, साउन ९ गते, २०७५ साल (अतिरिक्ताङ्क ९

## भाग १

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम काठमाडौं महानगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७५ सालको ऐन नं. ७**

## काठमाडौं महानगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावना** : नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार

क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाइ प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम काठमाडौ महानगरपालिका नगरसभाले यो ऐन तर्जुमा गरी जारी गरेको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम "काठमाडौं महानगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन काठमाडौं महानगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"ऐन"** भन्नाले "स्थानीय सरकार संचालन ऐन, २०७४" सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले काठमाडौं महानगरपालिका, नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) **"महानगरपालिका"** भन्नाले काठमाडौं महानगरपालिका सम्झनु पर्छ ।

(ङ) **"सभा"** भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(च) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

(छ) **"स्थानीय ऐन"** भन्नाले "काठमाडौं महानगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम महानगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयहरुमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनुपर्ने कार्यविधि नियमित गर्नको निमित्त कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने** : (१) संविधान, ऐन तथा यस ऐन अर्न्तगत बनेको नियमावलीको अधीनमा रही कार्यपालिकाले आवश्यकता अनुसार विनियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

प्रमाणीकरण मिति: **२०७५/४/९**

**आज्ञाले,**
**यादव प्रसाद कोइराला**
**प्रमुख प्रशासकीय अधिकृत**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-**
**गो.हु.द.नं. १६।२०६२।६३**